नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

तनहुँ
☎ ०६५ ५६०१३८
फ्याक्स-०६५-५६०१०७

पत्र संख्या - ०७७/७८
चलानी नम्बर ५६५६

मिति २०७८।०१।३१

**विषय: निर्णय प्रति पठाईएको सम्बन्धमा ।**

श्री गृह मन्त्रालय
(शान्ती सुरक्षा तथा अपराध नियन्त्रण शाखा)
सिंहदरबार, काठमाण्डौं ।
श्री गृह मन्त्रालय
(विपद् प्रतिकार्य शाखा)
सिंहदरबार, काठमाण्डौं ।
श्री मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय
गण्डकी प्रदेश, पोखरा कास्की ।
श्री आन्तरिक मामिला तथा कानुन मन्त्रालय
गण्डकी प्रदेश, पोखरा कास्की ।
श्री जिल्ला स्थित सम्पुर्ण सरकारी कार्यालय, सुरक्षा निकाय र संस्थानहरु सबै तनहुँ ।
श्री जिल्ला स्थित संचारकर्मीहरु सबै, तनहुँ ।

प्रस्तुत विषयमा आज मिति २०७८।०१।३१ गतेका दिन प्रमुख जिल्ला अधिकारी सागर आचार्यज्यूको अध्यक्षतामा बसेको जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) को बैठकको निर्णय प्रति पाना-२ अवगतार्थ यसै पत्र साथ संलग्न राखी पठाईएको व्यहोरा अनुरोध छ ।

०७८।१।३१

(राममणी मिश्र)
प्रशासकीय अधिकृत

प्रशासकीय अधिकृत
राममणि मिश्र

मिति २०७८ साल वैशाख ३१ गतेका दिन प्रमुख जिल्ला अधिकारी श्री सागर आचार्यज्यूको अध्यक्षतामा बसेको कोभिड-१९ संग सम्वन्धित तनहुँ जिल्ला कोभिड-१९संकट व्यवस्थापन केन्द्र (DCCMC) को बैठकमा निम्न बमोजिमको उपस्थितिमा कोभिड-१९ कोरोना संक्रमण महामारी रोकथाम तथा नियन्त्रण सम्वन्धमा देहाय बमोजिमको निर्णयहरु गरियो ।

| | | |
|---|---|---|
| १. | प्रमुख जिल्ला अधिकारी श्री सागर आचार्य | - संयोजक |
| २. | जिल्ला समन्वय अधिकारी श्री प्रेमराज गिरि | - सदस्य |
| ३. | प्रमुख प्रशासकिय अधिकृत श्री डिल्लीराम सिग्देल, व्यास न.पा. | - सदस्य |
| ४. | प्रमुख प्रशासकिय अधिकृत श्री भिमप्रसाद तिवारी, भानु न.पा. | - सदस्य |
| ५. | प्रमुख प्रशासकिय अधिकृत श्री ~~गंगालाल सुवेदी~~ वसन्त पाठक शुक्लागण्डकी न.पा. | - सदस्य |
| ६. | प्रमुख प्रशासकिय अधिकृत श्री थमनसिंह थापा, भिमाद न.पा. | - सदस्य |
| ७. | प्रमुख प्रशासकिय अधिकृत श्री बिष्णुप्रसाद पोखरेल, आँबुखैरेनी गा.पा. | - सदस्य |
| ८. | प्रमुख प्रशासकिय अधिकृत श्री नरहरि ~~सेखेल~~ सापकोटा, देवघाट गा.पा. | - सदस्य |
| ९. | प्रमुख प्रशासकिय अधिकृत श्री रमेश सुवेदी, घिरीङ गा.पा. | - सदस्य |
| १०. | प्रमुख प्रशासकिय अधिकृत श्री महेश सुवेदी, बन्दीपुर गा.पा. | - सदस्य |
| ११. | प्रमुख प्रशासकिय अधिकृत श्री ~~नारायण प्रसाद अधिकारी~~ तिलक राज घिमिरे, म्याग्दे गा.पा. | - सदस्य |
| १२. | प्रमुख प्रशासकिय अधिकृत श्री ~~चण्डिका पौडेल~~ प्रशासकिय अधिकृत चित्र बहादुर रानामगर, ऋषिङ गा.पा. | - सदस्य |
| १३. | प्रमुख सेनानी श्री मनोज गुरुङ्ग, कालीभञ्जन गण(ई)चापाघाट | - सदस्य |
| १४. | प्रहरी उपरिक्षक श्री अरुण पौडेल, जिल्ला प्रहरी कार्यालय | - सदस्य |
| १५. | शसस्त्र प्रहरी उपरिक्षक संजय भट्टराई,शसस्त्र प्रहरी वल, मनकामना गण | - सदस्य |
| १६. | उप-अनुसन्धान निर्देशक श्री शेरजंग बहादुर चन्द, रा.अ.जिल्ला कार्यालय | - सदस्य |
| १७. | मे.सु.डा. सुनिल पौडेल, दमौली अस्पताल,तनहुँ | - सदस्य |
| १८. | श्री पबिन्द्र कुमार श्रेष्ठ, अध्यक्ष, उद्ध्योग बाणिज्य संघ,तनहु | - सदस्य |
| १९. | कार्यालय प्रमुख श्री शंकरबाबु अधिकारी, जिल्ला स्वास्थ्य कार्यालय | - सदस्य |
| २०. | सहायक प्रमुख जिल्ला अधिकारी श्री चिन्राङ्गत बराल | - सदस्य सचिव |

बिशेष आमन्त्रित

| | | |
|---|---|---|
| १ | बिशेष आमन्त्रित. जिल्ला समन्वय प्रमुख श्री शान्तिरमण वाग्ले | - सल्लाहकार |

आमन्त्रित

१. निर्देशक श्री राम कुमार श्रेष्ठ, जी.पी. कोईराला स्वास प्रश्वास केन्द्र, बेलचौतारा, तनहुँ

२. उपसभापति श्री ~~कृष्णहरि बाग्ले~~ ठाकुर राज पोखरेल, नेपाल रेडक्रस सोसाईटी, तनहुँ

३. अध्यक्ष श्री उज्वल पौडेल, नेपाल पत्रकार महासंघ, तनहुँशाखा

४. रामप्रमोद मण्डल, आर्युवेद कार्यालय, तनहुँ

५. गिर बहादुर राना - बन्दिपुर गा.पा.

६. वसुन्धरा घर्ती अध्यक्ष ने.आ.ज महासंघ तनहुँ

**निर्णय नं. १**

पूर्व वैठकका निर्णयहरुको कार्यान्वयनको स्थिति, कामको प्रगतिको वारेमा छलफल तथा समिक्षा गरियो ।

**निर्णय नं. २**

देशका अन्य जिल्ला जस्तै तनहुँ जिल्ला पनि कोभिड-१९ को संक्रमणको उच्च जोखिम रहेको भनि यस अघि २०७८।१।२२ गते राती १२:०० देखि तनहुँ जिल्लाका केहि भागमा लागु गरिएको निषेधाज्ञाको आदेशलाई समिक्षा गर्दै मिति २०७८।०१।२७ गते राती १२:०० बजे देख तनहुँ जिल्ला भर लागु हुने गरि जारि भएको निषेधाज्ञाको आदेशको कार्यान्वयन अवस्थाको विषयमा छलफल तथा समिक्षा भयो । कोभिड-१९ को जोखिम झनझन बढ्दै गएको एवं समुदायमा व्यापक फैलिन सक्ने अवस्थालाई ध्यानमा राखि उक्त निषेधाज्ञाको आदेशलाई निरन्तरता दिंदै थप १५(पन्ध्र) दिन निषेधाज्ञाको आदेश जारि गर्न प्रमुख जिल्ला अधिकारीलाई सिफारिस गर्ने र निषेधाज्ञाको कडाईका साथ कार्यान्वयन गर्न स्थानीय तह लगायत सबै पक्षबाट आवश्यक सहयोग गर्ने निर्णय गरियो।

**निर्णय नं. ३**

तनहुँ जिल्लामा कोभिड-१९ को संक्रमण बढ्दै गएको एवं जिल्लामा एउटा पनि सववाहन नभएको हुँदा व्यवसायिक क्षेत्रबाट हुन सक्ने सामाजिक व्यवसायिक उत्तरदायित्वलाई विचार गर्दै यस जिल्लाको जी.पि. कोईराला स्वास प्रश्वास केन्द्रमा रहि संचालन हुने गरि दमौली अस्पताल, तनहुँलाई १(एक) थान सववाहन उपलब्ध गराई दिन सूर्य नेपाल लिमिटेड, सेरा, तनहुँलाई अनुरोध गर्ने निर्णय गरियो।

**निर्णय नं. ४**

आ-आफ्ना स्थानीय तह अन्तर्गतका स्वास्थ्य संस्थामा संचालन गरिने कोभिड-१९ संक्रमितहरुको आईसोलेसन सेन्टरहरुमा रहने वेड संख्या र सुविधाको विषयमा छलफल भयो । स्थापना गरिने आईसोलेशन सेन्टरहरु नेपाल सरकारबाट जारि भएको "कोभिड-१९ संक्रमितहरुको आइसोलेसन सम्बन्धी स्वास्थ्य मापदण्ड, २०७७" अनुसार संचालन गर्ने गराउने निर्णय गरियो।

## निर्णय नं. ५

सम्बन्धित निकायमा दर्ता भई स्थानीय तहबाट अनुमति लिई संचालित रहेका निजी क्षेत्रका अस्पतालहरुले आईसोलेशन सेन्टर संचालन गर्न चाहेमा अस्पताल तथा स्वास्थ्य संस्थाले "कोभिड-१९ संक्रमितहरुको आइसोलेसन सम्बन्धी स्वास्थ्य मापदण्ड, २०७७" अनुसारका मापदण्ड पूरा गरि अनुमति लिन आएमा स्वीकृतिको प्रक्रिया आगडि बढाउन उक्त संस्थाहरुको अनुगमन गरि सिफारिस गर्न देहाय अनुसारको समिति गठन गर्ने निर्णय गरियो।

(क) डा. राम कुमार श्रेष्ठ, निर्देशक, जी.पी. कोईराला स्वास प्रश्वास केन्द्र, बेलचौतारा, तनहुँ -संयोजक

(ख) मे.सु. डा. सुनिल पौडेल, दमौली अस्पताल, तनहुँ - सदस्य

(ग) डा. रामप्रमोद मण्डल, आयुर्वेद केन्द्र, तनहुँ -सदस्य

(घ) कार्यालय प्रमुख श्री शंकरबाबु अधिकारी, स्वास्थ्य कार्यालय, तनहुँ - सदस्य सचिव

## निर्णय नं. ६

प्रत्येक स्थानीय तहले अत्यावश्यक औषधि र स्वास्थ्य सामाग्रीको तत्काल व्यवस्था मिलाउने तर्फ तत्काल कारवाही अगाडि बढाई परिस्थितीलाई नियन्त्रण भित्रै राख्न प्रयास गर्ने निर्णय गरियो।

## निर्णय नं. ७

सार्वजनिक विकास निमार्णका कार्य र सेवाहरुमा पर्याप्त स्वास्थ्य स्वास्थ्य सुरक्षाका मापदण्ड पूरा नभएको अनुगमन गर्दा देखिएमा तत्काल बन्द गर्ने एवं जिम्मेवार व्यक्तिलाई कानून अनुसार कारवाहि गर्न स्थानीय तह लगायतबाट सम्बन्धित,निकायमा सिफारिस गर्ने निर्णय गरियो।

## निर्णय नं. ८

आईसोलेशन सेन्टरमा राखिने संक्रमितको लागि बिहान बेलुकाको खाना र खाजा समेतको खर्चका लागि बढीमा प्रतिदिन रु.५००।- (अक्षेरपी पाँच सय रुपैंया) सम्म खर्च गर्न पाउने खर्चको मापदण्ड स्वीकृत गर्ने निर्णय गरियो।

०६।९।२९